मे २३, २०२५

# तपाईंको लग ईनलाई अझै सुरक्षित बनाउने: *MFA-Duo* को अपडेटहरू चाँडै आउँने

जुन २, २०२५ बाट, *UW–Madison* ले तपाईंको *NetID* खाता सुरक्षित राख्न र लग ईन गर्ने काम अझै सुरक्षित बनाउन हाम्रो *MFA-Duo* सुरक्षा प्रणाली अपडेट गर्नेछ।

## के बदलिँदैछ ?

१. ***Duo Push* को लागि नम्बरको कोडहरू:** तपाईंले आफ्नो *NetID* मार्फत लग ईन गर्नुहुँदा तपाईंको डिभाइसले तपाईंलाई ३ अङ्कको कोड राख्न सोध्नेछ। यसले झुक्किएर स्वीकृति दिने काम रोक्छ र आक्रमणकारीहरूलाई तपाईंलाई लग ईन गर्ने धेरै अनुरोधहरू पठाउनबाट रोक्छ।

२. **लामो "*Remember Me* (मलाई सम्झिने)" समय**: "*Remember Me* (मलाई सम्झिने)" चयन अब १२ घण्टा भन्दा ७ दिनसम्म हुन्छ। यसको मतलब तपाईंले एउटै डिभाइस र ईन्टरनेट ब्राउजर चलाउनुहुँदा लग ईन गर्दा अङ्क राख्न कम सोध्नेछ।

३. **आफैँ नयाँ आउने पासकोडहरू**: *Duo* मोबाइल *app* मा भएका पासकोडहरू हरेक ३० सेकेण्डमा नयाँ आउनेछन्। यसले तपाईंको खातालाई पुरानो कोडहरू चलाउनबाट रोकेर अझै सुरक्षित बनाउँछ।

**नोट**: यी बदलहरूले तपाईंको टोकन डिभाइसहरू ("फबहरू"), सुरक्षा चाबी वा अरू लग ईन गर्ने तरिकाहरूलाई असर गर्ने छैनन्।

तपाईंले अहिले के गर्न सक्नुहुन्छ ? जुन २ तारिखको अपडेटको लागि तयार हुन आफ्नो मोबाइलमा भएको *Duo* मोबाइल *app* लाई हालसालैको संस्करणमा अपडेट गर्नुहोला।

## नयाँ प्रक्रियाले कसरी काम गर्छ ?


लग ईन गर्नुहुँदा:

१. तपाईंले अझै पनि आफ्नो फोनमा *push* सूचना पाउनुहुनेछ


२. "*Approve* (स्वीकार छ)" मा मात्रै थिच्नु नभएर, तपाईंको डिभाइसमा देखाइएको ३ अङ्कको कोड राख्नुहुनेछ

३. तपाईंले ७ दिनको "*Remember Me* (मलाई सम्झिने)" चयन रोज्न सक्नुहुन्छ

४. स्मार्टघडी प्रयोगकर्ताहरूले आफ्नो घडी चलाएर कोद राख्न सक्नेछन्




**जुन २ तारिख अघि:** *Duo Push* मोबाइल फोन प्रक्रियाले तपाईंलाई लग ईन प्रयासहरू स्वीकार गर्न अनुरोध गर्दछ, जसमा १२ घण्टाको "*Remember Me* (मलाई सम्झिने)" चयन रहेको छ।




**जुन २ बाट शुरू हुने**: नयाँ *Duo Verified Push* ले लग ईन स्वीकार गर्ने तपाईंको डिभाइसमा रहेको ३ अङ्कको पुष्टीकरण कोड राख्न सोध्नेछ, जसमा ७ दिनको “*Remember Me* (मलाई सम्झिने)” चयन हुनेछ।

## यी बदलहरू किन महत्त्वपूर्ण छन्

यी अपडेटहरूले नक्कली लग ईन अनुरोधहरूलाई झुक्किएर स्वीकृति दिन सकिने कुरा रोकेर विश्वविद्यालय सुरक्षामा सुधार गर्छन्। तिनीहरूले लग ईन गर्न कम सोधेर तपाईंको अनुभवलाई पनि राम्रो बनाउँछन्।

## मैले कसरी सहयोग पाउन सक्छु ?

यदि तपाईंलाई *Duo* को लागि सहयोग आवश्यक भएमा, *DoIT Help Desk* मा सम्पर्क गर्नुहोला:

- फोन: 608-264-4357
- ईमेल: help@doit.wisc.edu

यदि तपाईंलाई भाषा सहायता आवश्यक भएमा, कृपया सांस्कृतिक भाषागत सेवा (*CLS*) लाई सम्पर्क गर्नुहोला:

- स्पैनिश: (608) 263-2328 वा spanish-cls@wisc.edu
- मङ: (608) 263-2217 वा hmong-cls@wisc.edu
- तिब्बती: (608) 890-2545 वा tibetan-cls@wisc.edu
- चिनियाँ: (608) 890-2628 वा chinese-cls@wisc.edu
- नेपाली: (608) 262-7521 वा nepali-cls@wisc.edu